मिति: २०७८/०२/२८

# मोबाइल सुरक्षाका लागि जनहितमा जारी सन्देश

## मोबाइल सुरक्षा (Mobile Security) संग सम्बन्धित:

मोबाइल ह्याण्डसेट / स्मार्ट फोनलाई ह्याकरहरुबाट जोगाउन निम्न उपायहरु अपनाऔं ।

१. गुगल प्ले स्टोर वा एप स्टोर (Official Reputed App Store) बाट मात्र Rating तथा Review को आधारमा मात्रै App Download गरी Install गरौं ।

२. App Install गर्दा App ले Camera Access/Location Tracking/Contacts/Media/Audio/File Access को Permission माग गरेमा Deny गरौं।

३. कुनै पनि App Install गर्नु भन्दा अगाडि सो App संग सम्बन्धित End-User Agreement तथा App को Privacy Policy अवश्य पढौं | App ले मोबाइलको कुन कुन Data Access गर्छ र App मार्फत Third Party हरुलाई share हुने व्यक्तिगत विवरण सम्बन्धमा जानकारी राखौं ।

४. मोबाईललाई बलियो पासवर्ड (Password) तथा डिजिटल औंठाछाप जस्ता Bio-metric Log In प्रयोग गरी सुरक्षित राखौं | पासवर्ड (Password) समय समयमा परिवर्तन गरौं।

५. स्मार्ट फोनलाई Jailbreak/root गरी प्रयोग नगरौं । भेटिएको स्मार्ट फोनको प्रयोग नगरी नजिकैको प्रहरी कार्यालयमा बुझाऔं ।

६. प्रयोग नभएको बेला मोबाइल ह्याण्डसेटलाई Lock गरेर राखौ | साथै Idle अवस्थामा Auto-Lock हुने गरी फोनको Settings मा Configure गरौ |

७. मोबाइल फोनको सफ्टवेयर (Operating System / Applications) लाई नियमित रुपमा अद्यावधिक गरौं। साथै मोबाइल फोनको सुरक्षाको लागि अनिवार्य रुपमा Genuine Firewall/Anti Virus/Mobile Security Solutions को प्रयोग गरौं।

८. प्रयोग नहुने बेला मोबाइल फोनको WiFi, Bluetooth, Mobile Data, GPS आदि लाई बन्द (OFF) गरी राखौं।

९. अरुले मोबाइल फोनको प्रयोग गर्न नसक्ने गरी मोबाइल ट्र्याकिंग हुन सक्ने गरी, Completely Wipe out गर्न सक्ने गरी तथा सिमकार्ड परिवर्तन गरेमा कुनै निश्चित नम्बरमा Alert आउने गरी Configure गरौं। यस्ता settings ले मोबाइल हराएमा भेट्टाउन सहयोग पु-याउँछ र मोबाइलमा भएका व्यक्तिगत विवरणहरु अरुको पहुँच पुग्नबाट बचाउँछ ।

१०.मोबाइल मार्फत डिजिटल कारोबार गर्दा असुरक्षित Free Public Wi-Fi/Hotspot को प्रयोग नगरौं |

११.मोबाइल ह्याण्डसेटमा हुने संवेदनशील डाटाको Backup राखौं। साथै मोबाइलमा समेत उक्त संवेदनशील डाटालाई encryption गरेर राखौ |

१२.मोबाइल ह्याण्डसेटबाट अनलाइन तथा मोबाइल बैंकिङ्ग सेवा उपभोग गर्न मोबाइल डाटा/Secure Wifi प्रयोग गरौं। साथै Multi-factor Authentication जस्तै Two Factor Authentication, Mobile Number, OTP, Fingerprint इत्यादि ) को प्रयोग गरौ |

१३.अपरिचित मोबाइल नम्बर/इमेल/ Whats App/Viber/Messenger आदिबाट आएको सन्देश, फोनकल लगायतलाई **Reply/Response** नगरौं |

१४.Freeware, Pirated software/game, Free music/video, अश्लील सामग्री उपलब्ध हुने जस्ता असुरक्षित वेभसाइटहरुको प्रयोग नगरौं, Pop-up link मा जथाभावी Click नगरौ र Freeware/shareware तथा Pirated Software, Music/Video/games डाउनलोड नगरौं।

१५.मोबाइल फोनलाई अरुको सजिलै पहुँच पुग्ने गरी यतिकै नछौडौं।

**Nepal Telecommunications Authority (NTA)**

**Cyber Security Task Force (NTACERT)**

**National Theatre Building, Jamal**

**Kathmandu, Nepal**

**Email: cert@nta.gov.np, URL: www.nta.gov.np**